# स्थानीय राजपत्र

रैनादेवी छहरा गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

खण्डः १, २०७७ साल १० महिना ८ गते, बिहीबार, संख्याः १५


## भाग–२

स्थानीय सरकार

### रैनादेवी छहरा गाउँपालिका, पाल्पा

## कार्यविधिको नाम : रैनादेवी छहरा गाउँपालिकाको कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :**

गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवम् समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टागरि हुनआउने कन्टिजेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले,

स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "रैनादेवी छहरा गाउँपालिकाको कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०७७" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. उद्देश्य :**

कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

(क) योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमाखर्च गर्न,

(ख) दफा ३ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न,

(ग) कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न ,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

(ङ) कन्टिजेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्न, आदी।

**३. कन्टिजेन्सी रकमको व्यवस्था :**

गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम कन्टिजेन्सी वापतको रकम कट्टागरि हुनआउने रकमलाई एकीकृत गरि उक्त रकमलाई दफा ४ माउल्लेख भएबमोजिमका शीर्षकहरुमा मात्रखर्च गर्न सकिनेछ।

## ४. खर्च गर्न सकिने. क्षेत्रहरु :

योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी कट्टा रकमलाई गाउँपालिकाले देहाएको शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासँग सम्वन्धित प्रशासनिक र बैठक भत्ता लगाएत खाजा खाना खर्च,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(घ) टेण्डर सम्बन्धि सूचना प्रकाशन वापत लाग्ने खर्च,

(ङ) योजना अनुगमनका लागि आश्वयक सवारी साधन खरिद

(च) लेखापरिक्षण सम्बन्धि खर्च

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण/तालिम/गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातयात खर्च,

(झ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु,

(ञ) गाउँपालिकाको निर्णय बमोजिम तोकीएको अन्य क्षेत्र ।

## ५. कन्टिजेन्सी रकमको खर्च प्रकुति :

योजना तथा कार्यक्रमको कुल कन्टिजेन्सी रकममध्ये प्रशासनिक (चालु) अधिकतम ५५ प्रतिशत र पूँजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

## ६. कन्टिजेन्सी रकमएकीकृत तथाखर्च प्रणाली :

गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्तहुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई आर्थिक वर्षको सुरुमानै एकीकृत रुपमा हिसाब गरि सो को लागत राखिनेछ ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सँगैखर्च गरिने व्यवस्था मिलाईनेछ ।

## ७. थपघट, हेरफेरवा संशोधन

विधान समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकताअनुसार थपघट वा हेरफेर गरी संशोधनगर्न सक्नेछ ।

## ८. बाधा अड्काउफुकाउने अधिकार :

(क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार विधान समितिको सिफारिसमा कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अड्काउफुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

## ९. यसै बमोजिमभए गरेको मानिने :

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुपभए गरेको मानिनेछ ।

प्रमाणिकरण मिति: २०७८/१०/०८

आज्ञाले
इन्द्र बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत